नेपाल सरकार

## महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं

# बाढी तथा मानवीय संकटसम्बन्धी दैनिक कार्य अपडेट

दैनिक अद्यावधिक | मिति: २०८३ भदौ १७ गते / 2 September 2026

## ०१ भोटेकोशी बाढी प्रभावित बालबालिकाको अस्थायी संरक्षणका लागि पूर्वाधार व्यवस्थापन

**क** माननीय मन्त्रीज्यूको समुपस्थितिमा ललितपुरको गोदावरी नगरपालिकाका नगरप्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत लगायतको टोलीसँग भोटेकोशी बाढीबाट प्रभावित बालबालिकाको अस्थायी संरक्षणका लागि ललितपुरको ठेचोमा नेपाल सरकारको नाममा रहेको जग्गा तथा सो जग्गामा अवस्थित संरचनाको मर्मत, सुधार एवं आवश्यक पूर्वाधार विकास गर्ने विषयमा छलफल भएको छ। छलफलका क्रममा उक्त स्थानमा आवश्यक पूर्वाधार निर्माण, सरसफाइका लागि आवश्यक जनशक्ति व्यवस्थापन तथा स्थानीय तहसँगको समन्वय लगायतका कार्यमा नगरपालिकाले आवश्यक समन्वय तथा सहजीकरण गर्ने प्रतिबद्धता नगरप्रमुखबाट प्राप्त भएको छ। सोहीअनुरूप उक्त स्थानको सरसफाइ तथा आवश्यक पूर्वाधार निर्माणको कार्य प्रारम्भ भइसकेको छ। उक्त जग्गाको भोगाधिकार प्राप्ति तथा अस्थायी संरक्षण केन्द्र सञ्चालनका लागि आवश्यक प्रशासनिक एवं कानुनी प्रक्रिया राष्ट्रिय बाल अधिकार परिषद्वाट अघि बढाइने तथा आवश्यक समन्वय मन्त्रालयबाट गरिनेछ।

**ख** विपद् प्रभावित बालबालिकाका लागि अस्थायी संरक्षण केन्द्र सञ्चालनसम्बन्धी निर्देशिकाको मस्यौदा तयार भएको छ। केन्द्र सञ्चालनका लागि आवश्यक भौतिक स्रोत साधन तथा जनशक्तिको विवरण तयार गरिएको छ।

## ०२ बाढी प्रभावित व्यक्तिको तथ्याङ्क संकलन

| १६ लाख | ११,९९३ | १,११४ | ४,८५८ | २९२ | ३,६८६ |
|---|---|---|---|---|---|
| कुल प्रभावित | उद्धार गरिएको | मृत्यु भएको | सम्पर्कविहीन | घाइते संख्या | अस्थायी संरक्षणमा |

**क** हालसम्म प्राप्त विवरण अनुसार बाढी प्रभावितको कुल संख्या १६ लाख पुगेको छ, जसमध्ये सम्पर्क विहिनको संख्या ४,८५८ रहेको छ भने ११,९९३ जनाको उद्दार गरिएको छ। विपद्मा परी मृत्यू हुनेको संख्या १११४ पुगेको छ भने घाइतेको संख्या २९२ रहेको छ। हाल ३,६८६ जना विपद् प्रभावितहरू अस्थायी संरक्षणमा रहेका छन्।

**ख** बालबालिकाको समग्र अवस्था अध्ययन तथा तथ्याङ्क संकलनका लागि राष्ट्रिय बाल अधिकार परिषद्वाट विपद् प्रभावित क्षेत्रमा कर्मचारी खटाइएको छ। रसुवाको उत्तरगया गाउँपालिकामा ५७ जना बालबालिकाको कोही पनि आफन्त नभएको र २७ बालबालिकाको अभिभावक नरहेको जानकारी उक्त गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मार्फत प्राप्त भएको छ।

**ग** बाढी प्रभावित ज्येष्ठ नागरिकको विवरण संकलनको कार्य मन्त्रालयको ज्येष्ठ नागरिक शाखाबाट भईरहेको छ। देवीघाट ज्येष्ठ नागरिक संरक्षण तथा अध्ययन प्रतिष्ठान, विदुर नुवाकोटको भवन बाढीबाट क्षतिग्रस्त भएपश्चात उक्त स्थानमा रहेका ७ जना ज्येष्ठ नागरिकलाई नेपाल सिनियर केयर, म्हेपी, नयाँबजार, काठमाडौंमा र १७ जनालाई कृष्ण प्रणामी मन्दिर बटार, नुवाकोटमा अल्पकालीन आश्रयका लागि पुनर्स्थापना गरिएको छ। पुनर्स्थापना पश्चात ज्येष्ठ नागरिकहरूको स्वास्थ्य परीक्षण गर्नुका साथै २ जना ज्येष्ठ नागरिक महिलाहरुलाई हिंडडुल गर्न कठिनाई भएको हुँदा सहजताका लागि २ वटा ह्वीलचेयर र १ वटा वाकर उपलब्ध गराइएको छ। ज्येष्ठ नागरिकको थप स्वास्थ्य उपचारका लागि मन्त्रालयबाट स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय तथा स्वास्थ्य सेवा विभागसंग समन्वय भैरहेको छ। मन्त्रालयले बाढीमा प्रभावित ज्येष्ठ नागरिकहरुको लागि अत्यावश्यक सहायक सामाग्रीहरुको विवरण तयार गरेको छ।

**घ** यसै सन्दर्भमा राष्ट्रिय महिला आयोगले मन्त्रालयलाई विपद्वाट प्रभावित महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको सुरक्षा, संरक्षण, राहत, मनोसामाजिक सहयोग र पुनर्स्थापनालाई प्राथमिकता दिँदै सुरक्षित आश्रय, आवश्यक सामग्री तथा तथ्याङ्क व्यवस्थापन प्रभावकारी बनाउनुपर्ने सुझाव दिएको छ।

# बाढी तथा मानवीय संकटसम्बन्धी दैनिक कार्य अपडेट (भाग २)

दैनिक अद्यावधिक | मितिः २०८३ भदौ १७ गते / 2 September 2026

## ०३ सामाजिक सुरक्षा भत्ता वितरणको व्यवस्थापन

साविकमा सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणाली मार्फत भइरहेको सन्दर्भमा बाढी प्रभावित १५ वटा स्थानीय तहमा बैंक तथा वित्तीय संस्थाहरूको अवस्थाको बारेमा सम्बन्धित स्थानीय तहसँग समन्वय गरी विवरण संकलन गरिएको छ। रसुवाको उत्तरगयामा बैंक बगाएकोले नगद वितरण गर्नुपर्ने अवस्था रहेको, गोसाइकुण्ड गाउँपालिकाको धुन्चेमा बैंक शाखा भएकाले बैंकिङ प्रणालीबाट भत्ता वितरण गर्न सकिने तथा अन्य विपत् प्रभावित पालिकाहरूमा विद्युत तथा इन्टरनेटको आपूर्ति तथा सडक पूर्वाधार भएमा बैंकिङ प्रणालीबाट वितरण गर्न सकिने अवस्था छ। यस सन्दर्भमा विपद् प्रभावित क्षेत्रमा पहिलो चौमासिक अवधिको भत्ता वितरण नगद दिन सकिने गरी नेपाल सरकार, मन्त्रिपरिषद्बाट निर्णय गराउने गरी मन्त्रालयले तयारी गरिरहेको छ।

## ०४ विपद् प्रभावित क्षेत्रमा विपद् प्रतिकार्य सम्बन्धित कार्य गर्नका लागि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई सहजीकरण

विपद् प्रभावित क्षेत्रमा विपद् प्रतिकार्य सम्बन्धित कार्य गर्नका लागि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई छोटो प्रक्रियाबाट सम्झौता गर्न मिति २०८३ असोज १५ सम्मका लागि समाजकल्याण परिषद्बाटै परियोजना सम्झौता गर्न सकिने गरी निर्णय भएको छ। अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले नेपाल सरकार मन्त्रिपरिषद्बाट विपद् संकट क्षेत्र घोषणा भएका स्थानीय तहमा वितरण गर्न अत्यावश्यक सामग्रीहरू विदेशबाट ल्याउँदा नियमानुसार आयात इजाजतका लागि परिषद्बाटै सम्बन्धित भन्सार कार्यालयमा सिफारिस गर्न सक्ने व्यवस्था गरिएको छ।

## ०५ विपद् प्रभावितहरूलाई विपद् प्रभावित क्षेत्रमा गैरसरकारी संस्थाबाट राहत सामग्री परिचालन

| रू. २० करोड ४० लाख ६३,५२२ | रू. २ करोड ८५ लाख ६९,०३९ |
|---|---|
| ३० गैरसरकारी संस्थाबाट राहत सामग्री परिचालन | प्रधानमन्त्री दैवी प्रकोप उद्धार तथा राहत कोषमा जम्मा |

**क** मन्त्रालय तथा सम्बन्धित निकायसँगको समन्वयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट राहत सामग्री परिचालन निरन्तर भइरहेको छ। हालसम्म ३० वटा गैरसरकारी संस्थाले रू २० करोड ४० लाख ६३ हजार ५२२ बराबरको राहत सामग्री तथा रू २ करोड ८५ लाख ६९ हजार ०३९ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष तथा प्रधानमन्त्री राहत कोषमा जम्मा गरेका छन्।

**ख** भदौ १७ गते, ३ बजेसम्म प्राप्त विवरणअनुसार यस दिनमा रसुवाको उत्तरगया गाउँपालिकामा ४०० परिवारका लागि खाद्यान्न प्याकेज, ४०० सेट, १५० सेट स्वच्छता सामग्री र ९४० वटा स्यानिटरी प्याड वितरण भएको छ। यसै गरी, रसुवा कालिकास्थानका २३ घरपरिवार, धादिङको गल्छी तथा गजुरीका ६४ घरपरिवार र नुवाकोटको विदुर, कोलोनी तथा किस्पाङ गरी १५९७ घरपरिवारका लागि खाद्यान्न उपलब्ध गराइएको छ। यसका साथै नुवाकोटको विदुरमा १३० सेट स्वच्छता सामग्री तथा १३० सेट अन्य गैरखाद्यान्न राहत सामग्री उपलब्ध गराइएको छ।